# संचारिका
## फिचर सेवा

वर्ष १३, अङ्क २ वैशाख/जेठ, May 2011


नेपालमा लैङ्गिक हिंसा सदियौँदेखि कायम छ। सामान्यतया लैङ्गिक हिंसा भन्नाले लिङ्गको आधारमा हुने हिंसालाई बुझाउँछ। नेपालमा पुरुषभन्दा महिला भएकै कारणले हुने हिंसाको मात्रा अत्यधिक भएका कारणले यहाँ लैङ्गिक हिंसाको कुरा गर्दा महिलामाथिको हिंसाको रूपमा लिने र बुझ्ने गरिएको छ। लैङ्गिक आधारमा हुने हिंसाको सबैभन्दा पुरानो स्वरूप घरेलु हिंसालाई मानिन्छ र घरेलु हिंसाका पनि अनेक रूपहरू छन्। नेपालमा लैङ्गिक हिंसाको न्यूनीकरणका लागि प्रयासको थालनी चन्द्रशमशेरका पालामा (सन् १९२०) सतीप्रथाको उन्मूलनबाट भएको थियो भन्न सकिन्छ। त्यसपछिका दिनहरूमा हिंसाका बदलिँदा स्वरूपसँगै लैङ्गिक हिंसाका विरुद्ध विभिन्न सामाजिक अभियान तथा कानुनी प्रयासहरू जारी छन्।

महिला र सञ्चारको क्षेत्रमा कार्यरत सञ्चारिका समूहले आफ्नो स्थापनाकालदेखि नै लैङ्गिक हिंसाविरुद्धको अभियानलाई महत्वका साथ अगाडि बढाइरहेको छ। यो फिचर सेवा यस अभियानको एउटा हिस्सा हो।

**महिलाको इतिहास मूलतः मौनताको इतिहास हो। हाम्रा धेरै आमा, हजुरआमाले आफूमाथि भएका अन्यायलाई चुपचाप सहे, हामी यसलाई तोडौँ !!**

# <u>फैंलदो एचआईभी</u>

# हिंसाको चपेटामा सङ्क्रमित महिला

**'हामीकहा' कुटपिट र बलात्कार मात्र हिंसा भन्ने बुझाइ छ, रोग सारेर पनि महिलामाथि हिंसा भएको छ।' सङ्क्रमितमध्ये ९० प्रतिशत महिलामा श्रीमान्को कारण एचआईभी भएको एड्स रोग नियन्त्रण सङ्घ कास्कीका अध्यक्ष विश्वमोहन गौचनको बुझाइ छ।**

✍ **वसन्ती बास्तोला**

चारजना सन्तान एचआईभी सङ्क्रमित जन्माइसकेकी स्याङ्जा रत्नपुरकी रमा थापाको दिनचर्या नै बनेको छ एचआईभीको क्षेत्रमा काम गर्ने सङ्घ/संस्था धाउनु। यसरी धाउनुको एउटै कारण हो अबको सन्तान एचआईभी सङ्क्रमित नजन्मियोस् भन्ने। एचआईभी सङ्क्रमित उनका श्रीमान् नरबहादुर थापा गर्भनिरोधका साधन प्रयोग गर्न नमानी जबर्जस्ती गर्छन्। जुन बाध्यताबाट उनी मुक्ति खोज्दै छिन्। सङ्क्रमित भएको १५ वर्षपछि मात्र थाहा पाएकी ४५ वर्षीया उनले भनिन्, 'श्रीमान्ले सधैं रक्सी खाएर पिट्छन् र जबर्जस्ती गर्छन्।' उनको इच्छाविपरीत पेटमा बच्चा बसेकाले गर्भपतन गर्ने सल्लाह गर्न तथा एचआईभी भए पनि कसरी जीवन लम्ब्याउन सकिन्छ भनेर उनले सङ्घ/संस्था धाउने गरेकी हुन्।

भारतको मुम्बईमा काम गर्दै आएका उनका श्रीमान् विवाहअघि नै सङ्क्रमित भएको हुन सक्ने उनको अनुमान छ। भनिन्, 'नत्र मेरो ठूलो छोरो कसरी सङ्क्रमित हुन्थ्यो ?' चौथो सन्तान जन्माउँदा रगत जाँच गर्ने क्रममा उनलाई एचआईभी भएको पत्ता लागेको थियो। काम नगरे छाक टार्न मुस्किल पर्ने उनलाई गर्भपतन नगराउने सल्लाह दिएपछि उनी झन् निराश बनेकी छिन्। सङ्क्रमित महिलाले गर्भपतन गराउँदा स्वास्थ्यस्थिति झन् खराब बन्ने कारण उनले गर्भपतन गराउन नहुने सल्लाह पाएकी हुन्। यसअघि उनले गर्भपतन गराइसकेको कारण पनि दोस्रोपटक खतरा हुने स्याङ्जा अस्पतालका डाक्टर तारानाथ पौडेलले बताए। उनले भने, 'सङ्क्रमित महिला बढी कमजोर भएको कारण गर्भपतन गराउँदा ज्यानै जान सक्छ।'

श्रीमान्ले गरेको गल्तीको सजाय आफूले भोग्नुपर्दा रमालाई जीन्दगीसँगै विरक्त लागेर आउँछ। सुरु-सुरुका दिनमा त झन् घरपरिवारले समेत उनलाई अपहेलना गरे। आफ्नो स्वास्थ्य, समाजको तिरस्कार र श्रीमान्को व्यवहारका कारण उनी दिक्क छिन्। नेपालमा अधिकांश महिलालाई श्रीमान्ले नै एचआईभी सारेर सङ्क्रमित बनाउने गरेका छन्। यसरी सङ्क्रमित महिला रोगको कारण मात्र होइन श्रीमान् व्यावहारिक नहुने र रक्सी

खाएर कुट्ने कारण झन् ठूलो समस्यामा परेका छन् । घर समाल्नु, छोराछोरीप्रतिको कर्तव्य निभाउनु र समाजको तिरस्कारको सामना गर्न उनीहरूलाई सजिलो छैन । काम गरेर खाने प्रसस्त जग्गाजमिनसमेत नभएका उनीहरूसँग सीप र पढाइ नहुनु अर्को दुर्भाग्य हो ।

बेरोजगारीको समस्याले बिदेसिएका उनीहरूका श्रीमान् सङ्क्रमित हुनुको मुख्य कारण वैदेशिक रोजगार नै हो । गरिबी, अशिक्षा र भारतसँगको खुला सिमाना अहिले नेपालमा एचआईभी भित्रिनुको मुख्य कारण बनेको छ । गाउँमा रहेका सोझासाझा महिला यसको सिकार हुने गरेका छन् । श्रीमान्बाट महिला एचआईभी सङ्क्रमित हुनु हिंसाको ठूलो रूप भएको एड्स रोग नियन्त्रण सङ्घ कास्कीका अध्यक्ष विश्वमोहन गौचनले बताए । उनले भने, 'हामीकहाँ कुटपिट र बलात्कार मात्र हिंसा भन्ने बुझाइ छ, रोग सारेर पनि महिलामाथि हिंसा भएको छ ।' गौचन यसलाई हिंसाको डरलाग्दो रूप मान्छन् । सङ्क्रमितमध्ये ९० प्रतिशत महिलामा श्रीमान्को कारण एचआईभी भएको गौचनको बुझाइ छ ।

राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रले सन् २००९ मा गरेको सर्वेक्षणमा नेपालमा ६३ हजार पाँच सय २८ जना एचआईभी सङ्क्रमित छन् । तीमध्ये २९ प्रतिशत महिला छन् । यसरी तथ्याङ्कमा महिलाको सङ्ख्या कम देखिए पनि यथार्थमा बढी भएको नेपाल रेडक्रस सोसाइटी सामुदायिक स्वास्थ्य सेवा केन्द्र स्याङ्जाकी कार्यक्रम संयोजक गीता पोखेलले बताइन् । उनले भनिन्, 'स्वास्थ्य जाँचमा महिलाको पहुँच छैन, त्यसैले आफू सङ्क्रमित भएको कुरा थाहा नपाउनेहरूको सङ्ख्या ठूलो हुन सक्छ ।'

कमजोर आर्थिक स्थिति, चेतनाको अभावजस्ता कुराले महिला अझै पनि स्वास्थ्य परीक्षणबाट वञ्चित छन् । एचआईभी सङ्क्रमित महिला पुरुषभन्दा बढी कमजोर भएको पोखेल बताउँछिन् । बच्चा जन्माउने, पौष्टिक आहारको कमी, कामको बोझजस्ता कुराले पुरुषभन्दा महिला पहिले नै सिकिस्त बिरामी हुने र मर्नेको सङ्ख्यासमेत बढी छ । यसको उदाहरण हुन्- गुल्मीकी युगमाया । २ वर्ष पहिले विवाह गरेकी उनलाई लगातार झाडापखाला लाग्ने र काम गर्न नसक्ने भएपछि उनका जेठाजुले पोखरा ल्याए । परीक्षणपछि थाहा भयो- उनी सङ्क्रमित भइसकेकी रहिछिन् । एचआईभी भनेकोसमेत थाहा नपाएकी उनले भनिन्, 'मलाई यसको बारेमा केही थाहा छैन, म बिरामी भएर केही गर्न नसक्ने भएकी छु ।' भारतमा काम गर्ने उनका श्रीमान् भने सङ्क्रमित भए पनि हट्टाकट्टा नै छन् । पश्चिमी जिल्लाहरूमा कामको खोजीमा भारत गएकाहरूले एचआईभी बढी भित्र्याउने गरेका छन् । बिरामी हुँदासमेत उनीहरू वैद्य र झारफुकमा लाग्ने कारण अस्पताल र भीसीटी केन्द्रमा पुग्न सक्दैनन् । जसका कारण कतिलाई त एचआईभी भएकै थाहा हुँदैन ।

एचआईभीको क्षेत्रमा काम गर्ने कतिपय संस्थाले औषधिको व्यवस्था गरे पनि सङ्क्रमित महिला औषधि लिन आउनसमेत पाउँदैनन् । श्रीमान्को कारण सङ्क्रमित भए पनि उनीहरू आफ्नै घरमा समेत बस्ने अवस्था छैन । गाउँमा बस्न सकिने वातावरण नै नभएको कास्कीकी रिना लम्सालले बताइन् । उनले भनिन्, 'हाम्रो दोष नभए पनि पुरुषलाई भन्दा बढी महिलालाई अपहेलना गर्छन् ।' उनको पनि समस्या अरू सङ्क्रमित महिलाको जस्तै छ । वैदेशिक रोजगारमा कतार जान लाग्दा

स्वास्थ्य परीक्षण गराउने क्रममा उनका श्रीमान् सङ्क्रमित भएको थाहा भएको थियो ।

उनले निकै पछि मात्र यो कुरा थाहा पाइन् । जचाउँदा सँगै गएका श्रीमान्का साथीले गाउँमा हल्लाखल्ला गरेर उनी अपहेलित भइसक्दासमेत उनलाई यस विषयमा अत्तोपत्तो थिएन । गाउँमा बस्न नसकेर पोखरा बस्दै आएकी उनले भनिन्, 'बाहिर जान पनि नपाएपछि श्रीमान् सधैं टेन्सन भयो भन्दै रक्सी खाएर हिँड्छन् ।' अहिले उनले ज्याला-मजदुरी गरेर दुई छोरी पाल्दै आएकी छिन् । सङ्क्रमित भएपछि उनले अहिलेसम्म नयाँ कपडा किनेर लगाएकी छैनन् । आफन्तले दिएको कपडाले उनले छोरीहरू र आफ्नो आङ ढाक्दै आएकी छिन् । उनलाई आफ्नोभन्दा बढी छोरीहरूको पिर लाग्छ । दुईछाक टार्नु मात्र होइन औषधोपचार, छोरीहरूको पढाइ, बढ्दो महँगीले उनलाई घरखर्च चलाउन धौ-धौ परेको हो । त्यसमा पनि रोगले गालेर दिनदिनै कमजोर बन्दै गएको स्वास्थ्य अवस्थाले उनलाई साथ दिन छोडेको छ ।

रोग लाग्नुको पिरभन्दा बढी उनलाई जीवन निर्वाह गर्ने समस्याले पिरोलेर कमजोर बनाएको छ । कमजोर स्वास्थ्य, सामाजिक तिरस्कार, समयमा उपचार नपाउनु, कमजोर आर्थिक स्थिति, अपहेलनाजस्ता कुराले महिलाले बढी समस्या भोग्दै आएका छन् । पौष्टिक आहारको आवश्यकता भएको बेलामा समेत पेटभरी खान नपाउनु उनीहरूको प्रमुख समस्या हो ।

*(सङ्क्रमितको नाम परिवर्तन गरिएको हो)*

# नागरिकतामा विभेद

**✍ शान्ता बस्नेत**

**छोराले विदेशी विवाह गरे उसको सन्तानलाई वंशजको नागरिकता दिने र छोरीले विदेशीसित विवाह गरे उसको सन्तानलाई नेपाली नागरिकतासमेत नदिने विभेदपूर्ण व्यवस्थाले नेपाली माहिलामाथि राज्यले गरेको भेदभाव प्रस्ट हुन्छ ।**

बाबु विदेशी भएकाले नेपाली क्रिकेटर शरद भेषवाकरले नागरिकता पाएका छैनन् । आमा नेपाली र बाबु विदेशी हुनु उनका लागि दुर्भाग्य भयो । नेपाली खेलाडीको परिचय पाए पनि उनको खास नागरिकताको परिचयचाहिँ अझै अनागरिककै हैसियतको छ ।

'हरेक ठाउँमा नागरिकता आवश्यक पर्छ,' उनले सुनाए, 'नागरिकता नहुँदा परेका समस्या भनिसाध्य छैन ।' यस्तो समस्या भोग्ने भेषवाकर एक्लो होइनन् । बाबुको पहिचान नभएका वा विदेशी बाबुबाट जन्मेका धेरै नागरिक नागरिकताविहीन भएर बस्न बाध्य छन् । उनीहरूलाई 'नागरिक' बनाउने सवालमा राज्यले विभेदपूर्ण व्यवहार गर्दै आएको छ ।

नागरिकताको सवालमा अहिले मूलतः दुईवटा विवाद छन् । अङ्गीकृत वा वंशज दुवैखाले नागरिकता दिन आमा र बाबु नेपाली हुनुपर्ने व्यवस्थाले विवाद

सिर्जना गरेको हो। अधिकारकर्मी तथा अधिवक्ता मीरा ढुंगानाका अनुसार यस्तो व्यवस्थाले धेरै नेपालीलाई समस्या मात्रै पारेको छैन, महिला आन्दोलनले अहिलेसम्म पाएको उपलब्धि पनि गुम्ने खतरा छ। वंशजको नागरिकता प्राप्त गर्न बाबु र आमा दुवै नेपाली हुनुपर्ने प्रावधानले नागरिकता लिन थप जटिल बनाएको छ। अधिकारकर्मी ढुंगाना भन्छिन्, 'नेपालमा आमाको नामबाट नागरिकता लिन पाइने कानुनी व्यवस्था अहिले पनि छ, तर त्यो व्यावहारिक बन्न सकेन। यसले महिलाको छनोटमाथिको अधिकार, प्रजनन अधिकारलगायतका विषयलाई बाँधेर राखेको छ।'

नागरिकताको सम्बन्धमा अहिलेको व्यवस्था एउटा पुस्ताको पहिचान र आधारभूत अधिकारमाथिको प्रहार हो भन्ने उनले ठानेकी छिन्। भन्छिन्, 'यो विभेदले सामाजिक असहजतालाई झन् जटिल बनाउँछ। आमाको नामबाट नागरिकता दिने कुरालाई सहज रूपमा व्यावहारिक कार्यान्वयन थाल्नुपर्छ।'

पछिल्लो आन्दोलनको जगमा उभिएको संविधानसभा लोकतन्त्र, समतामूलक समाज र सामाजिक न्यायका लागि स्थापना भएको हो। नयाँ संविधान बन्ने प्रक्रियामा रहेका बेला नागरिकताको सवाल विवाद र विभेदमा परेको छ। संविधानका विवादित मुद्दा टुङ्गो लगाउन गठित उच्चस्तरीय राजनीतिक संयन्त्रले गरेको सहमतिले नेपाली महिलालाई विभेद गरेको महसुस महिला अधिकारवादीहरूले गरेका छन्। जसले नागरिकताको मुद्दालाई झन् जटिलतातिर धकेल्दै लगेको छ। विभेदपूर्ण भएकैले संयन्त्रको निर्णय संवैधानिक समितिमा थन्किएको छ। संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिकी सभापति बिन्दा पाण्डे भन्छिन्, 'प्रमुख दलका शीर्ष नेतृत्वबाट खासगरी वैवाहिक अङ्गीकृत र वंशजको नागरिकता दिने सवालमा गरिएको विभेदपूर्ण सहमतिले समतामूलक समाज निर्माणमा लागेका महिलालाई ठेस पुऱ्याएको छ। जन्मँदा छोरी वा छोरा भएको आधारमा विभेद हुने बाटो बनाइदिएको छ।'

उच्चस्तरीय संयन्त्रले गरेको सहमतिमा वंशजको आधारमा नागरिकता पाउन आमा र बाबु दुवै नेपाली हुनुपर्ने, नेपाली पुरुषसँग विवाह गरेकी विदेशी महिलाले तुरुन्त नेपाली नागरिकता पाउने व्यवस्था छ। यसले नेपाली पुरुषसित बिहे गरेकी विदेशी महिलाको सन्तान तत्काल नेपाली हुनेछन्। उनीहरू वंशजका आधारमा नेपाली नागरिक बन्नेछन्। तर, विदेशी पुरुषसित घरजम गरेका नेपाली महिलाबाट जन्मेका सन्तानले भने आमाको नामबाट नागरिकता पाउने प्रावधान छैन। नेपाली महिलाले विवाह गरेका विदेशी पुरुषले वैवाहिक अङ्गीकृत नागरिकता पाउन १५ वर्ष कुर्नुपर्छ।

कार्यदलका सदस्य तथा नेपाली काङ्ग्रेसका नेता रमेश लेखकले नागरिकता वितरणमा कठोर नीति लिनुपर्ने अवधारणा आएको आधारमा यस्तो किसिमको सहमति भएको बताए। नागरिकता सहज रूपमा पाउने कुरा होइन। जटिल बनाउने नाममा त्यसले सिर्जना गर्ने अड्चनलाई ख्याल नगर्दा आउने समस्या झन् डरलाग्दा हुन्छन्। नागरिकता भनेको व्यक्तिको कानुनी र राष्ट्रियताको पहिचानको दस्तावेज तथा राज्य र व्यक्तिबीचको सम्बन्धको आधार हो। राष्ट्रमा व्यक्तिको अधिकार सिर्जना गर्ने औपचारिक कागजात हो। त्यसैले नागरिकताको प्रमाणपत्र व्यक्तिका लागि नभइनहुने कुरा हो। आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा पछाडि

परेका महिलाका लागि राज्य संयन्त्र र प्रणालीमा सहभागिता र पहुँच बढाउन यो महत्वपूर्ण आधार हो ।

समितिकी सभापति पाण्डे भन्छिन्, ‘नागरिकतामा कठोर नीति लिनु भनेको महिलालाई विभेद गरिनु होइन । सन्तान र दम्पतीका आधारमा गरिने व्यवहारले नेपाली महिला र तिनका सन्तानलाई पर्ने समस्याचाहिँ स्वीकार्य हुँदैन ।’

नेपालमा २०१९ सालको संविधानदेखि नै महिलाले विभेद खेप्दै आएका हुन् । प्रजातन्त्र पुनर्स्थापनापछि २०४७ मा बनेको संविधानमा व्यक्तिको बाबु निज जन्म हुँदा नेपाली नागरिक रहेछ भने वंशजको आधारमा, नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलालाई आफ्नो देशको नागरिकता त्यागे अङ्गीकृत नागरिकता दिने व्यवस्था गरियो । नेपालको अन्तरिम संविधानले यस्ता विभेदलाई केही कम गर्‍यो । अन्तरिम संविधानमा कुनै व्यक्तिको जन्म हुँदाको बखत उसको बाबु वा आमा नेपाली नागरिक रहेछ भने वंशजको नाताले नागरिकता दिइने व्यवस्था गरिएको छ । तर, व्यवहारमा त्यसको कार्यान्वयन भएन । आमाका नाममा पनि नागरिकता जारी गर्न सर्वोच्च अदालतले गृह मन्त्रालयलाई दिएको आदेश अझै कार्यान्वयन भएको छैन ।

एकीकृत नेकपा माओवादीका प्रवक्ता दीनानाथ शर्माले निरपेक्ष समानताभन्दा नागरिकताको विषयमा व्यावहारिक रूप हेरेर अगाडि बढ्नुपर्ने बताए । सबैको अधिकार सुनिश्चित हुने र नाजायज रूपमा कसैले पनि नागरिकता पाउने अवस्था नआओस् भन्ने पार्टीको नीति रहेको उनले सुनाए । अहिलेको समस्या बाबु पत्ता नलागेका र विदेशी पुरुषसित विवाह गरेर नेपालमै बसेका महिलाबाट जन्मेका सन्तानले नागरिकता नपाएका कारण सुरु भएको हो । विदेशी महिला विवाह गरेर ल्याउँदा बुहारी आफ्नो हुने र छोरीले विवाह गरेको ज्वाइँ पराइ हुने अवस्थाले नागरिकतामा समस्या सिर्जना गरेको अधिकारकर्मीहरूको भनाइ छ । ‘यो मानसिकताले हामीलाई अगाडि लैजाँदैन,’ अधिवक्ता मीरा ढुंगाना भन्छिन्, ‘हामीले यस्तो विभेदको अन्त्य होस् र आमाका नामबाट पनि सहज रूपमा नागरिकता वितरण होस् भन्ने चाहेका हौँ । अहिलेको नागरिकता व्यवस्थाले महिलाले समानता र समताको आभाष गर्न पाउँदैनन् ।’

नागरिकतामाथिको यस्तो विभेदले बसाइँसराइ, भौगोलिकीकरण, फरक देशका नागरिकसितको नेपाली महिलाको विवाहले भोलिका दिनमा थप समस्या ल्याउनेछ । जुनसुकै देशका विदेशीसित विवाह गरे पनि आफ्नै माइती देश बस्न चाहने नेपाली महिलाका सन्तानले अनागरिक हुनुको दुःख खेप्नुपर्नेछ । क्रिकेटर शरद भेषवाकर अहिलेका उदाहरण हुन्, विभेद नसुल्झे धेरै शरद भेषवाकरहरूले समस्या खेप्नुपर्नेछ ।

# दाङ : रोकिएन बलात्कार

**'कल्पना खनालमाथि भएको त्यो घटना अति डरलाग्दो थियो। उनको मृत्युपछि जाहेरी दरखास्त लेखेर मैले नै हालेकी हुँ, बलात्कारपछि उनले मानसिक अवस्था गुमाएकी थिइन्। दोषीहरूका पक्षबाट मुद्दा लड्ने वकिलहरूले केटीको चरित्रमाथि लाञ्छना लगाएर उनलाई चरित्रहीन भने।'**

✍ **सुलोचना गौतम**

'कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा १६ वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मञ्जुरी लिई वा नलिई करणी गरेमा निजले त्यस्ता महिला तथा बालबालिकालाई जबर्जस्ती करणी गरेको ठहर्छ।' केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६३ को जबर्जस्ती करणीको महल नं. १ ले बलात्कारका सम्बन्धमा यस्तो परिभाषा गरेको छ। बलात्कारका विरुद्धको कानुनमा निश्चित सजाय पनि तोकिएको छ तर मुलुकका विभिन्न भागमा जस्तै दाङमा जबर्जस्ती करणीलगायतका महिलाविरुद्धका आपराधिक क्रियाकलापहरू रोकिनुको साटो बढ्दै गइरहेका छन्। कानुन भए पनि घटनाका अपराधीहरूलाई उचित दण्ड-सजाय दिन नसक्दा यस्ता घटनाहरू बढिरहेको देखिन्छ। दाङमा मात्रै यस्ता घटना वर्षमा नौ सय १० वटा भएको कुरा विभिन्न सङ्घ/संस्थाद्वारा सङ्कलित तथ्याङ्कमा भेटिन्छ। ०६७ असार १७ गते राति दाङ तुलसीपुरमा भएको बलात्कारको एउटा घटनाले सबैलाई त्रसित बनाएको थियो। सल्यान घर भएकी १५ वर्षीया खिमा (नाम परिवर्तन) नेपालगञ्ज पढाइका सिलसिलामा जाने-आउने गर्थिन्। उनी एक दिन यौनपिपासुहरूको सिकार बनिन्। खिमाले भनिन्, 'म सल्यानबाट नेपालगञ्ज जाँदै गर्दा बाटोमै रात परेकाले तुलसीपुरमा बास बसेँ। राति चारजना केटाले जबर्जस्ती म बसेको ठाउँबाट पर जङ्गलतिर लगेर बलात्कार गरे, मैले प्रहरीमा उजुरी गरेँ तर अहिलेसम्म न्याय पाउन सकेकी छैन। प्रहरीले बलात्कारीलाई पक्राउ गरेर सजाय दिएको छैन।' तुलसीपुर बसपार्कनजिक राप्ती गेस्टहाउसमा बास बसेका बेला उनीमाथि यो घटना भएको थियो।

दाङकै फूलबारी गाविसमा १५ वर्षकी शिला (नाम परिवर्तन) लाई फूलबारी गाविसकै प्रदीप नेपालीले बलात्कार गरेका थिए। पिडकलाई सजाय हुन नसक्दा शिलाले पनि अहिलेसम्म न्याय पाउन सकेकी छैनन्। बलात्कारी पहिचान भइसक्दा पनि उसमाथि कारबाही भएको छैन।

०६५ सालमा दाङको बिजौरीमा भएको बलात्कारको घटना झनै हृदयविदारक छ। दाङको गढवा गाविसकी कल्पना खनाल आफ्नो कामको सिलसिलामा लमहीबाट घोराही र तुलसीपुर आउने-जाने गर्थिन्। त्यही क्रममा उनी ८ जना युवकको सामूहिक बलात्कारको सिकार बन्न पुगिन्। उनी शारीरिक र मानसिक रूपमा विक्षिप्त बनेकी थिइन्। दुई महिनासम्म ओछ्यान पर्दा उनी 'आए आए, मलाई मारे नि, ऐया...मेरो छेउमा

नआओ...' भनेर चिच्याउँथिन्। बलात्कारपछि ओछ्यान परेकी उनको राम्ररी होस नखुली दुई महिनापछि मृत्यु भयो। यो घटनाले दाङमा सबैलाई त्रसित बनाएको थियो। घटनापछि पिडकहरूलाई प्रहरीले पक्राउ त गऱ्यो तर उचित दण्ड-सजाय दिन सकेको छैन। अदालतले पनि सजाय तोक्न सकेको छैन। प्रहरीले घटनाका दोषीहरू आठैजनालाई पक्राउ गरेको थियो। ती आठजना नै फरक-फरक राजनीतिक पार्टीका जिम्मेवार कार्यकर्ता थिए।

अधिवक्ता गोमा महरा भन्छिन्, 'कल्पना खनालमाथि भएको त्यो घटना अति डरलाग्दो थियो। उनको मृत्युपछि जाहेरी दरखास्त लेखेर मैले नै हालेकी हुँ, बलात्कारपछि उनले मानसिक अवस्था गुमाएकी थिइन्। दोषीहरूका पक्षबाट मुद्दा लड्ने वकिलहरूले केटीको चरित्रमाथि लाञ्छना लगाएर उनलाई चरित्रहीन भने।' महिला अधिकारकर्मीहरूले पनि सुरुमा घटनाका दोषीलाई कारबाही गर्न पहल गरेका हुन् तर पछि दोषीहरू पार्टीका कार्यकर्ता देखिएपछि महिला अधिकारकर्मी संस्थाहरू पनि मौन बसेको अधिवक्ता तथा अधिकारकर्मी गोमाको भनाइ छ। आठजना बलात्कारीलाई पक्राउ गरेपछि केही समय थुनामा राखेर रिहा गरिएको थियो। पछि ती आठमध्ये एकजनालाई पाँच वर्ष कैद र पचास हजार जरिवाना गरिएको छ। राजनीतिक पहुँचमा भएका बाँकी सबैलाई छोडिएको छ।

मुलुकमा कानुनीराजको स्थिति नभएकाले सङ्क्रमणकालमा जसले जे गरे पनि हुन्छ भन्ने मानसिकताले आपराधिक क्रियाकलाप बढिरहेको गोमाको भनाइ छ। 'देशमा दण्डहीनताको अन्त्य नहुन्जेल र अपराधीलाई राजनीतिक संरक्षण रहुन्जेल यस प्रकारका घटनाहरू बढिनै रहन्छन्।

बलात्कारीलाई जन्मकैदको सजाय हुनुपर्ने धारणा लक्ष्मी आचार्यको छ। उनी महिला मानव अधिकार रक्षक सञ्जालसँग सम्बद्ध छिन्। जिल्लामा यस्ता आपराधिक घटना बढ्नुको कारण अज्ञानता र अशिक्षालाई देखाउँछन् दाङका प्रहरी निरीक्षक कृष्ण केसी। प्रहरी निरीक्षक केसीका अनुसार, अशिक्षा र अज्ञानता मात्र होइन दाङमा मादक पदार्थ सेवन गर्नेहरूको सङ्ख्या बढिरहेको छ जसका कारण बलात्कारका घटना हुने गरेका छन्। कहिलेकाहीँचाहिँ एक-अर्काबीच सम्बन्ध राम्रो हुँदा मञ्जुरीमै भएका घटनालाई पनि पछि कुरा नमिलेपछि बलात्कार भयो भनी उजुरी दिने गरिएको पनि छ। यसप्रकारका घटनाले साँच्चिकै पीडित भएकाहरूमाथिको न्यायिक प्रक्रियामा असर नपरोस् भनेर आफूहरू सचेत भएको पनि निरीक्षक केसीले बताए। मोबाइल, इन्टरनेट या टेलिभिजनमा सँगै बसेर अश्लील तस्बिर र फिल्म हेर्दै गएपछि सम्बन्ध राख्ने अनि पछि बलात्कार भयो भनी उजुरी दिएका एक वर्षमा दसवटा घटना प्रहरीमा दर्ता भएका छन्।

बलात्कारका घटनामा दण्डहीनताको अन्त्य गर्न प्रहरी प्रशासनले यस्ता घटनाका अपराधीहरूलाई कानुनी कारबाही गर्नैपर्छ। बलात्कारविरुद्धको कानुनको कार्यान्वयन नभएका कारण अपराधीको मनोबलमा वृद्धि हुँदै गएको छ, त्यसैले कानुनको प्रभावकारी कार्यान्वयन हुनु आवश्यक छ।

# चलचित्र क्षेत्रमा लैङ्गिक विभेदको कुरा

**चर्चित नायिका करिश्मा मानन्धर भन्छिन्, 'नायकको भन्दा बढी नायिकाको भूमिका भए पनि पारिश्रमिकचाहि नायककै बढी हुन्छ, यो किन भएको हो मैले बुझ्न सकेकी छैन।' पारिश्रमिकमा भएको विभेदलाई लिएर नायिकाहरूले आवाज उठाउने गरेको पाइएको छैन। सिनेमामा खेलेको कमाइले नायिका या अन्य भूमिकामा रहेका महिलालाई आफूलाई सार्वजनिक रूपमा प्रस्तुत गर्न निकै गाह्रो छ।**

✍ **अञ्जना न्यौपाने**

नेपाली चलचित्र उद्योग व्यवसायीकरणतर्फ उन्मुख हुँदै गर्दा महिला कलाकारले राम्रै अवसर पाएका छन्। अभिनय कला होस् वा गायन कला, यस उद्योगमा महिलाको उपस्थितिलाई सङ्ख्यात्मक र गुणात्मक दुवै पक्षबाट हेर्दा सन्तोषजनक नै मान्न थालिएको छ। तर, बाहिर हेर्दा तामझामको यो संसारमा महिलालाई काम गर्न त्यति सहज भने छैन। नेपाली चलचित्र विकासको इतिहासदेखि वर्तमानसम्म आइपुग्दा यस उद्योगमा प्रवेश गर्ने महिला कुनै न कुनै रूपमा विभेद, शोषण र हिंसामा पर्दै आएको दृष्टान्त धेरै छन्।

नेपाल चलचित्र विकास बोर्डका अनुसार, स्याटेलाइट र डिजिटल प्रविधि प्रयोग गरेर वर्षमा करिब ९० वटा चलचित्र बन्ने गरेका छन्। ठूला पर्दाका चलचित्र, टेलिफिल्म, टेलिशृङ्खला, डकुमेन्ट्री र विभिन्न मातृभाषाका चलचित्रमा आफ्नो उपस्थिति जनाइसकेका महिला कलाकारको सङ्ख्या एक सय २० भन्दा बढी छ। २०२० सालमा चलचित्र 'आमा' निर्माण हुँदा पहिलो नायिका बनेर १५ वर्षे किशोरी भुवन चन्दले नायिका बन्ने साहस गरेकी थिइन्। तत्कालीन समाज महिलाका लागि त्यति उदार नरहेको अवस्थामा चलचित्र क्षेत्रमा महिलाको प्रवेश कस्तो थियो होला, सहज अनुमान गर्न सकिन्छ। अहिले महिलाका लागि चलचित्र क्षेत्रमा प्रवेश सहज छ तर टिक्न भने त्यति सजिलो छैन। सिन्दुर चलचित्रबाट हास्यकलाकारको रूपमा प्रवेश गरेकी वसुन्धरा भुसालको अनुभवमा चलचित्र क्षेत्रमा महिलालाई हेर्ने दृष्टिकोणमा खासै फरक आएको छैन। हिजो उनी यो क्षेत्रमा लाग्दा घरपरिवारले एउटा अन्डा फुट्यो भनेका थिए, अहिले पनि यो सम्मानित पेसा हो जाऊ भनेर महिलालाई चलचित्र प्रवेशमा उत्साहित बनाउने अवस्था छैन। धेरै महिला स्वस्फुर्त रूपले आएका भए पनि उनीहरूले चलचित्र क्षेत्रमा प्रवेश गर्दा विरोध सहेर या त विद्रोह गरेर या त बाध्यात्मक स्थितिलाई स्वीकार गरेर आएको बताउने गरेका छन्। नेपाली समाजमा आजसम्म कुनै बाबुआमाले आफ्नी छोरीलाई नायिका बनाउने इच्छा जाहेर गरेको सुन्न पाइँदैन। स्वयम् निर्माता-निर्देशकहरू आफ्ना छोरीलाई नायिकाभन्दा अन्य पेसामा देख्न चाहन्छन्। उनीहरू यस क्षेत्रमा महिलाको भविष्य सुरक्षित देख्दैनन्। महिलाका लागि चलचित्र क्षेत्र के कारणले सुरक्षित छैन भन्ने जिज्ञासामा जानकारहरू भन्छन्- चलचित्र

क्षेत्रमा महिलाले प्रत्यक्ष-अप्रत्यक्ष हिंसा भोगिरहेका छन् ।

नेपाली चलचित्र क्षेत्रमा पारिश्रमिकदेखि नै लैङ्गिक विभेद छ । नायकको तुलनामा नायिकाहरू कम पारिश्रमिकमा काम गरिरहेका छन् । चर्चित नायिका करिश्मा मानन्धर भन्छिन्, 'नायकको भन्दा बढी नायिकाको भूमिका भए पनि पारिश्रमिकचाहिँ नायककै बढी हुन्छ, यो किन भएको हो मैले बुझ्न सकेकी छैन ।' पारिश्रमिकमा भएको विभेदलाई लिएर नायिकाहरूले आवाज उठाउने गरेको पाइएको छैन । सिनेमामा खेलेको कमाइले नायिका या अन्य भूमिकामा रहेका महिलालाई आफूलाई सार्वजनिक रूपमा प्रस्तुत गर्न निकै गाह्रो छ । समाजले हेर्ने दृष्टिकोण तथा घरपरिवारमा विभिन्न पारिवारिक भूमिकामा रहँदाका उत्तरदायित्वहरूलगायतका कुराका लागि महिलाको आर्थिक अवस्थाले ठूलो प्रभाव पार्ने हुँदा आर्थिक सशक्तीकरण पहिलो आवश्यकता हो । जुन महिला कलाकारका लागि सहज बन्न सकिरहेका छैनन्, जसका कारण महिलाहरू विदेश पलायन भइरहेका छन् ।

आर्थिक अवस्थाका अलावा चलचित्र क्षेत्रमा महिलामाथिको मानसिक, शारीरिक र सामाजिक हिंसाले पनि ठूलै ठाउँ लिएको देखिन्छ । सार्वजनिक जीवनमा भएकाले अधिकांश मुद्दाहरू ढाकछोपमा पर्ने गरेका छन् । 'बताउँदा आफ्नो व्यक्तित्वमा धक्का लाग्ने, नबताउँदा कहिलेसम्म सहने'को अवस्थामा कतिपय महिला कलाकार करिअर अगाडि बढाइरहेका छन् । कतिपय महिलाले आफूमाथिको शोषण सहन नसकेर उजुरी दिएका पनि छन् । अहिले नेपाल चलचित्र निर्माता सङ्घको न्यायिक इकाइले यस्ता मुद्दा हेर्ने गरेको छ । न्यायिक समितिमा यो एक वर्षको बीचमा विभिन्न १६ वटा उजुरी परेका छन् । जसमा ६ वटा उजुरी यौन दुर्व्यवहारसम्बन्धी छन् । 'ग्ल्यामर'को नाममा चलचित्र उद्योगमा महिलाको यौनिकतालाई बढी सरोकार राखेर हेर्ने गरिएको छ । केही वर्षअघिसम्म यौन दुर्व्यवहारलाई सामान्य घटनाझैं गरेर लिने गरेको भए पनि अब गम्भीर बन्ने गरेको महसुस चलचित्रकर्मीहरूले गर्न थालेका छन् । जसका लागि महिला स्वयम् सचेत भएर उजुरी गर्नुपर्ने धारणा उनीहरूको छ । नायिका उषा खरेलको विचारमा यौन दुर्व्यवहार आफैंमा भर पर्ने कुरा हो, तर उनको विचारसँग असहमत रहेकी नायिका ममता प्रधान भने यौन दुर्व्यवहार महिला स्वयम्को व्यवहारमा भर पर्ने कुरा नभएर पुरुषको एटिच्युडसँग जोडिएको कुरा हो भन्छिन् । नायिका ममताले सन् २००८ मा आफूमाथि भएको यौन दुर्व्यवहारलाई लिएर पत्रकार सम्मेलन गरेकी थिइन् । चापागाईं थरका निर्माता-निर्देशकले स्क्रिप्ट पढ्नका लागि उनलाई एक्लै अफिसमा बोलाएर यौन दुर्व्यवहार गरेका थिए । ममता भन्छिन्, 'अहिले पनि मलाई त्यो घटनाले झस्काउँछ । म सम्झौता गरेर अघि बढ्न चाहन्न थिएँ, त्यसैले सो घटनालाई लिएर पत्रकार सम्मेलन गरेँ ।'

प्रतिस्पर्धी भएर अभिनेत्रीहरू चलचित्र क्षेत्रमा आइरहेका भए पनि पेसै छोड्न चाहने महिला पनि बढ्दै गएका छन् । कम पारिश्रमिक, दोस्रो दर्जाको भूमिकाका कारण मात्र होइन यो क्षेत्रमा देख्न नसकिने तर व्याप्त असुरक्षाका कारण महिला स्थापित हुन नपाई यस क्षेत्रबाट विस्थापित हुने गरेका छन् । दुई वर्षअघि एउटा विज्ञापनमा आफ्नो पारिश्रमिक नमिलिसकेको अवस्थामा कम्पनीले विज्ञापन प्रदर्शन गरिदिएपछि नायिकाहरू सञ्चिता लुइँटेल, उषा पौडेल र ऋचा

घिमिरेलगायतले प्रहरीमा उजुरी दिएका थिए। यो कदमले अन्य महिला कलाकारलाई समेत आफूमा परेको मर्कालाई लिएर उजुरी गर्ने साहस जुटेको थियो। तर, यौन दुर्व्यवहारका सम्बन्धमा परेको उजुरीमा महिलाले मात्र पछिसम्म प्रताडित रहनुपर्ने अवस्था छ। निर्माता सङ्घका अध्यक्ष राजकुमार राईका अनुसार यौन दुर्व्यवहार भयो अथवा बलात्कारको प्रयास भयो भन्ने मुद्दा कहीँ पनि टुङ्गोमा पुग्न सकेको पाइँदैन। किनभने यस्ता मुद्दामा प्रमाण जुटाउन गाह्रो छ। प्रमाण जुटाउन नसकेकै कारण ममताको मुद्दा ओझेलमा पर्‍यो।

चलचित्र क्षेत्रमा मात्र होइन गायनलगायत अन्य मनोरञ्जनात्मक क्षेत्रमा पनि यो समस्या त्यत्तिकै छ। 'आवेला' एल्बम बजारमा निस्किएपछि टेलिभिजनमा आफ्नो गीतको प्रचार गर्ने क्रममा गायिका पूजा गुरुङ पनि यौन दुर्व्यवहारमा परेकी थिइन्। गीत 'हिट' बनाइदिने भन्दै एउटा टेलिभिजनको स्टेसन म्यानेजरले उनलाई एकान्तमा भेट्ने समय मागेपछि उनले स्टेसनबाट एल्बम फिर्ता लिएकी छिन्।

गायिका दुर्गा खरेललाई विदेश (खाडी)मा कार्यक्रमका लागि निम्तो आए पनि पुरुषहरूको भीडमा एक्ली भएकाले के हुने हो भनी आफूलाई असुरक्षित ठान्दै उनले निम्ता अस्वीकार गरिन्। त्यस्तै चर्चित गायिका अञ्जु पन्त पनि मानसिक र शारीरिक हिंसाबाट मुक्त छैनन्। गायन क्षेत्रमा अञ्जुको लोकप्रियता बढ्दै गएपछि उनका श्रीमान्ले मानसिक तथा शारीरिक यातना दिन थालेको कुरा सार्वजनिक भएको छ। केही महिनाअघि एउटा पार्टीमा गएको बेला सबै मान्छेका सामु अञ्जुमाथि उनका श्रीमान्ले हातपातसमेत गरेका थिए भन्ने कुरा सञ्चारमाध्यममा आउँदा उनले खण्डन गरेनन्। चलचित्र होस् या गायन महिलाको 'करिअर'का निम्ति सम्मानित पेसा हो तर महिलामाथि अनेक प्रकारका दुर्व्यवहारका कारण यी क्षेत्र महिलामैत्री बन्न सकेका छैनन्। पेसागत मर्यादा बढाउनका लागि यी क्षेत्रमा संलग्न महिलाप्रतिको दृष्टिकोणलाई सम्मानित बनाउन आवश्यक छ।

# दिदीबहिनीका लागि डरलाग्दो दिल्ली

**'महिलाविरुद्ध हुने अपराध छिटो कानुनी सुनुवाइबाट मात्र नियन्त्रण गर्न सकिन्छ। इन्द्रप्रस्थ कलेजकी लेक्चरर डा. निरज मलिक भन्छिन्, 'अहिले त मलाई मेरो उमेरले नै बचाउँछ। तर, मैले जीवनमा धेरै पुरुषको जिस्क्याइ सहे।'**

**✍ नवराज अधिकारी**

अप्रिलको दोस्रो साता दक्षिण दिल्लीमा १८ वर्षीया युवती बलात्कृत भएको घटना भारतको राजधानी नयाँदिल्लीमा महिलामाथि हुने हिंसाको

ताजा उदाहरणको रूपमा कायम छ। आफ्नै दाजुको ससुरा र बचाउन भनेर आएका व्यक्तिबाटै युवती लुटिएको यो घटनाले पाएको 'पछिल्लो उदाहरण'को उपाधि कति दिनसम्म कायम रहन्छ, यसै भन्न सकिन्न। किनभने पछिल्लो समयमा नयाँदिल्ली भारतको मात्रै नभएर बलात्कारको समेत राजधानी बन्दै छ, यहाँका ७० प्रतिशत महिलाले आफूलाई बिल्कुलै असुरक्षित ठान्छन्।

सार्वजनिक जानकारीमा आएको बलात्कारको पछिल्लो घटनामा ती युवतीलाई दाजुको ससुरा हनुमान मिश्रले आफ्नी श्रीमतीले प्रतिस्पर्धा जितेको खुसियालीमा उपहार किनिदिने बाहनामा घरमा बोलाएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन्। तर, रक्सीले मातिएका मिश्रले घरमा पुग्नेबित्तिकै युवतीलाई बलात्कार गरे। मिश्रको हातबाट फुत्केकी उनलाई सहयोगी बनेर देखापरेका ट्याक्सीचालक र उनका दुईजना साथीले समेत बलात्कार गरे। यो घटनाले दिल्लीका बासिन्दालाई स्तब्ध पारे पनि यसपटक बलात्कारको विरोधमा सडकमा प्रदर्शनहरू नभएको समाचार एजेन्सीहरूले जनाएका छन्। 'सम्भवतः महिलामाथि हुने अत्याचार नयाँदिल्लीमा दैनिक मामिला भइसकेकोले पनि यस्तो भएको हुन सक्छ,' गल्फ न्युज डटकमको समाचारमा भनिएको छ।

महिलावादी कार्यकर्ता र कानुन व्यवसायीहरू यसै वर्षको सुरुतिर सर्वोच्च अदालतले सामूहिक बलात्कारमा संलग्न तीनजना दोषीलाई पीडितसँगको सम्झौतापछि रिहा गर्ने आदेश दिएकोमा असन्तुष्ट छन्। त्यसबेला प्रत्येक बलात्कारीले पीडितलाई ५०/५० हजार रुपैयाँका दरले क्षतिपूर्ति दिने सहमति जनाएका थिए। न्यायाधीश मार्कन्डेय कात्जु र ज्ञान सुधा मिश्रको बेञ्चले अभियुक्तलाई बलात्कारी करार गरे पनि १० वर्षे जेल सजायमध्ये साढे तीन वर्ष बिताइसकेका उनीहरूलाई रिहा गर्ने आदेश दिएको थियो। अदालतको आदेशप्रति प्रतिक्रिया जनाउँदै अधिवक्ता कामिनी जैसवालले भनेकी छिन्, 'कसैले पनि महिलाको मर्यादा खरिद गर्न सक्दैन। म सर्वोच्च अदालतको, त्यसमाथि पनि महिला न्यायाधीशको निर्णयबाट स्तब्ध भएँ।'

अर्की कानुन व्यवसायी पिंकी शर्मा यस्ता मुद्दामा क्षतिपूर्ति थप सजाय मात्र हुने र त्यसलाई जेल सजायको विकल्प बनाउन नहुने धारणा राख्छिन्। 'यदि मान्छे सम्झौतामा पुग्यो भने उसलाई छुटकारा दिने ?' उनको प्रश्न छ। अदालती फैसलामा हुने ढिलाइले अपराधीहरू सहरबजारमा निर्धक्क घुम्ने हुँदा महिलाको सुरक्षा प्रहरीको प्राथमिकतामा नपरेजस्तो देखिन्छ। यहाँ दोषीलाई कानुनी सजाय दिने सन्दर्भमा न्यायिक प्रणालीले पनि विलम्ब गर्छ। गत नोभेम्बरमा मुकेशकुमार नामका अपराधीलाई १४ वर्षीया किशोरीको बलात्कार र हत्या-अभियोगमा मृत्युदण्ड त सुनाइयो तर निर्णय हुन पाँच वर्ष लागेको थियो।

जागोरी नामको महिला अधिकारवादी संस्था र महिलाका लागि राष्ट्रसङ्घीय विकास कोषले गरेको एक सर्वेक्षणले गत वर्ष नयाँदिल्लीमा प्रत्येक तीनमा एउटी महिला कम्तीमा दुईदेखि पाँचपटकसम्म यौन दुर्व्यवहारको सिकार बनेको खुलासा गरेको छ। सर्वेक्षणले के पनि फेला पारेको छ भने त्यस्तो घटना देख्ने ७० प्रतिशत पुरुष मूकदर्शक मात्रै बन्छन्। जसले गर्दा दिल्लीका महिला आफ्नो सुरक्षाप्रति आफैं जिम्मेवार हुनुपर्ने ठान्छन्।

समाचार तयारीको सिलसिलामा गल्फ न्युजको सम्पर्कमा आएका १६ देखि

२३ वर्ष उमेर समूहका अधिकांश युवतीले नाम नखोल्ने सर्तमा मात्रै बोलेका थिए। आफूमाथि भएको यौन दुर्व्यवहारको खुलासाले समाज र घरमा ठूलो समस्या पैदा गर्ने उनीहरूको बुझाइ छ। अधिकांश महिला भीडभाडयुक्त सार्वजनिक यातायात, बसपार्क र रेल्वे स्टेसनमा पुरुषको अभद्र व्यवहार सहन बाध्य हुन्छन्। जसले गर्दा उनीहरू समूहमा मात्रै हिँड्न रुचाउँछन्।

एउटा टेलिभिजन कम्पनीकी सेल्स एक्जेक्युटिभ जसप्रित खुरानाले आफूभन्दा माथिल्लो तहका पुरुष कर्मचारीको अश्लील शब्द सुन्न नसकेर हालसालै जागिर छोडिन्। 'केही समयसम्म त बेवास्ता गरेँ। परिस्थिति नियन्त्रणबाहिर गएपछि वरिष्ठ अधिकारीकहाँ गुनासो गरेँ,' उनले भनिन्। तर, अश्लील शब्द बोल्ने कर्मचारीको पदोन्नति भयो, जसप्रितको तलबवृद्धि नै रोकियो। अधिकांश महिलाको गुनासो यस्तै हुन्छ। कतिले आर्थिक दुरावस्थाका कारण चुपचाप दुर्व्यवहार सहन्छन्, कतिपय हाँसोको पात्र बनिने डरले बोल्दैनन्। जसप्रित त्यो कार्यालयमा वरिष्ठका दुर्व्यवहारविरुद्ध बोल्ने आफूमात्रै भएको दाबी गर्छिन्।

जसप्रितले त यौन दुर्व्यवहारको अर्को घटना पनि बेहोरेकी छिन्। एक दिन स्कुटीमा घर फर्कने क्रममा मोटरसाइकल चढेका एक पुरुषले ट्राफिक जाममा अड्किएको मौका छोपेर उनलाई जिस्क्यायो। 'मैले खुसी भएको नाटक गरेर ऊसँग बोल्न खोजेजस्तो गरेँ। उसले बोल्नका लागि हेल्मेट खोल्यो, मैले गाला चड्काइदिएँ,' उनी भन्छिन्, 'वरपरका अरू पुरुषले त्यो घटना देखे पनि मलाई के भयो भनेर कसैले सोधेन।'

हालसालैको एउटा घटनामा आफ्नी २४ वर्षीया छोरीलाई बचाउन खोज्ने ५५ वर्षे पुरुषलाई जँड्याहाहरूले कुटी-कुटी मारेका थिए, उनीमाथि भइरहेको कुटपिट सयौँले देखे पनि सहयोग गर्न कोही गएन। अर्को घटनामा मिजोरमबाट आएकी कल सेन्टरकी ३० वर्षे कर्मचारीलाई पाँचजना पुरुषको समूहले कार्यालयको गाडीबाट ओर्लनेबित्तिकै अपहरण गरी पिकअप ट्रकमा राखेर बलात्कार गऱ्यो।

राजधानीमा भएका आपराधिक घटनाका विवरणले यो वर्ष मात्रै ४५ भन्दा बढी बलात्कारका घटना प्रहरीमा दर्ता भएको देखाउँछ। नयाँदिल्लीले सन् २०१० मा चार सय ८९ वटा बलात्कारका घटना व्यहोऱ्यो। यो सङ्ख्या अघिल्लो वर्ष चार सय ५९ थियो। यौन उत्पीडनका घटना अघिल्लो वर्षको पाँच सय ३२ बाट बढेर पाँच सय ८५ पुगेको छ। यी त भए प्रहरीको जानकारीमा आएका घटना, बलात्कृत महिलालाई हेयभावले हेर्ने भारतीय समाजमा बलात्कार र यौन दुर्व्यवहारसम्बद्ध कतिपय घटना त सार्वजनिक जानकारीमा आउँदै आउँदैनन्।

दिल्लीमा ७५ हजार सशक्त प्रहरी बल परिचालन गरिए पनि यस्तो अपराध घटेको छैन। मुम्बई, कोलकाताजस्ता सहर महिलाको सन्दर्भमा दिल्लीभन्दा बढी सुरक्षित मानिन्छन्। यसको कारण हो महिलामाथि हुने अत्याचारविरुद्ध कदम चाल्ने पुरुष। महिलामाथि हुने अत्याचारविरुद्ध पुरुषहरू नबोल्दा अपराधीको मनोबल बढ्ने मनोविज्ञहरू बताउँछन्। मनोविज्ञ राजन मित्रा भन्छन्, 'यो सहरका लागि डन्डा बोक्ने जवानको ठाउँमा संवेदनशील प्रहरी अधिकृतहरू चाहिन्छ।'

उनको भनाइमा यहाँ हुने बलात्कारका प्रत्येक घटना आपराधिक मनोवृत्तिको नतिजा हुन्। र, मानिसले कि त बदलाको भावनाले कि त उनीहरूको सामाजिक पृष्ठभूमिका कारण बलात्कार

गर्छन् । नयाँदिल्लीका प्रहरी आयुक्त बीके गुप्ता महिला प्रहरी स्टेसन खडा गरिएको र महिला प्रहरीलाई कमान्डो तालिम दिइएको बताउँछन् । 'महिलाविरुद्ध हुने अपराध छिटो कानुनी सुनुवाइबाट मात्र नियन्त्रण गर्न सकिन्छ । बलात्कारको घटना हेर्नका लागि द्रुत गतिको अदालत खडा गर्न हामी प्रयासरत छौँ,' उनले भने । दिल्ली प्रहरीको भनाइमा अपराध नियन्त्रण गर्न रेल्वे स्टेसन र किनमेल केन्द्रमा सीसीटीभी क्यामेरासमेत जडान गरिएको छ । तर, २० वर्षकी युवतीको शव झोलामा फेला परेपछि त्यस्ता क्यामेराले दिल्ली रेल्वे स्टेसनको निश्चित क्षेत्रलाई समेट्न नसकेको रहस्योद्घाटन भयो । इन्द्रप्रस्थ कलेजकी लेक्चरर डा. निरज मलिक भन्छिन्, 'अहिले त मलाई मेरो उमेरले नै बचाउँछ । तर, मैले जीवनमा धेरै पुरुषको जिस्क्याइ सहेँ ।'

## फिचर लेखका लागि अनुरोध

सञ्चारिका समूहले लैङ्गिक हिंसाविरुद्धको अभियानअन्तर्गत फिचर सेवा प्रारम्भ गरेको छ । प्रत्येक महिना प्रकाशित हुने फिचर सेवामा महिलामाथि हुने गरेका विविध हिंसामा आधारित पाँचवटा फिचर लेख समावेश हुनेछन् । फिचर सेवाका लागि नौदेखि ११ सय शब्दसम्मको फिचर लेख पठाउनका लागि फिचर लेखकहरूमा अनुरोध गरिन्छ । प्रकाशित गर्न उपयुक्त ठानिएको फिचरका लागि पारिश्रमिकस्वरूप रु. ३,०००/- (तीन हजार) प्रदान गरिनेछ । प्राप्त फिचर प्रकाशित गर्ने वा नगर्ने अधिकार सञ्चारिका समूहमा निहित रहनेछ ।

यो फिचर सेवा मुलुकभरिबाट प्रकाशित हुने सबै पत्रपत्रिकालाई निःशुल्क उपलब्ध गराइनेछ । फिचर प्राप्त नभएको भए जानकारीका लागि समूहको केन्द्रीय कार्यालय काठमाडौंमा इमेल या टेलिफोनमार्फत खबर गरिदिनुहुन विभिन्न जिल्लास्थित पत्रपत्रिकाका सम्पादक तथा प्रकाशकज्यूहरूलाई अनुरोध गर्दछौं । यो फिचर सेवा एफएम स्टेसनहरूका लागि पनि उपयोगी हुने विश्वास हामीले लिएका छौं । फिचर उपयोग गर्न चाहने एफएम स्टेसनहरूलाई पनि सम्पर्कका लागि अनुरोध गर्दछौं । फिचर प्रकाशित/प्रसारित गर्दा 'साभार : सञ्चारिका समूह' भनी उल्लेख गरिदिनुहुन आग्रह गर्दछौं ।

**युएनएफपीएको सहयोगमा संचारिका समूहद्वारा प्रकाशित**

**सम्पर्क ठेगाना**
सञ्चारिका समूह, एकान्तकुना, भनिमण्डल, ललितपुर
पोष्ट बक्स नं : १३२९३, काठमाडौं
फोन नं : ५५५११८२, ५०००५१९
इमेल : sancharika@wlink.com.np
वेभ साइड : www.sancharika.org

**संयोजन/सम्पादन**
**बबिता बस्नेत**